लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः४ मितिः२०८१/०२/१९

भाग-२

लेटाङ नगरपालिका

## लेटाङ नगरपालिकाको संस्थागत अनुदान कार्यान्वयन कार्यविधि पहिलो संशोधन, २०८१

## लेटाङ नगरपालिकाको संस्थागत अनुदान कार्यान्वयन कार्यविधि पहिलो संशोधन, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/१६**

**प्रमाणीकरण मितिः २०८१/०२/१९**

**प्रस्तावना**

लेटाङ नगरपालिकाले वितरण गर्ने सशर्त वा अन्य अनुदान सार्वजनिक सेवा प्रवाह गर्ने सार्वजनिक निकाय, विद्यालय, क्याम्पस, मानवीय सहायता तथा परोपकार सम्बन्धी कार्य गर्ने संघ संस्थालाई प्रभावकारी बनाउन लेटाङ नगरपालिकाको संस्थागत अनुदान कार्यान्वयन कार्यविधि, २०८० संशोधन गर्न आवश्यक भएकोले कार्यविधिको दफा ११ को अधिकार प्रयोग गरी कार्यविधिमा देहाय अनुसार संशोधन गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सम्क्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम " लेटाङ नगरपालिकाको संस्थागत अनुदान कार्यान्वयन कार्यविधि २०८०" रहेको छ।

२. यो संशोधन तुरून्त प्रारम्भ हुनेछ।

३. दफा ५ को उपदफा मा संशोधनः नगरपालिकाले संस्थागत अनुदान दिन ठहर गरेको संस्थालाई आन्तरिक आय र घर जग्गा रजिष्ट्रेशन शुल्कको बाँडफाँड शीर्षकको आयबाट शीर्षक खुलाएर बार्षिक बजेटमा व्यवस्था गरी अनुदान दिन सक्नेछ।

४. दफा ९ को उपदफा ७ थप गरी संशोधनः क्याम्पसको हकमा आन्तरिक आय र घर जग्गा रजिष्ट्रेशन शुल्कको बाँडफाँडबाट नियमित स्थानीय अनुदान शीर्षकमा क्याम्पस सञ्चालनको लागि बजेट व्यवस्था गर्न सक्नेछ।यस शीर्षकबाट क्याम्पसले पुँजीगत २० प्रतिशत र चालु तर्फ ८० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ।

संशोधन गर्नुपर्ने व्यवस्था

| सम्बद्ध दफा वा अन्य | साविकको व्यवस्था | हुनुपर्ने प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|
| परिच्छेद – ५ संस्थागत अनुदान | ५) नगरपालिकाले आवश्यक ठानेमा शीर्षक खुलाएर | ५) नगरपालिकाले संस्थागत अनुदान दिन ठहर गरेको संस्थालाई आन्तरिक आय र घर जग्गा | १. आन्तरिक स्रोतबाट अनुदान दिने |

लेटाङ नगरपालिका, मोरङ

| | | | |
|---|---|---|---|
| दफा ५ को उपदफा ५ | एकपटकमा बढीमा दुई प्रकारका अनुदान दिन सक्नेछ। | रजिष्ट्रेशन शुल्कको बाँडफाँड शीर्षकको आयबाट शीर्षक खुलाएर बार्षिक बजेटमा व्यवस्था गरी अनुदान दिन सक्नेछ। | व्यवस्था नियमित गर्न। |
| परिच्छेद – ७ कार्य सम्पादन करार दफा ९ को उपदफा ६) पछि उपदफा थप गर्ने | | (७) क्याम्पसको हकमा आन्तरिक आय र घर जग्गा रजिष्ट्रेशन शुल्कको बाँडफाँडबाट नियमित स्थानीय अनुदान शीर्षकमा क्याम्पस सञ्चालनको लागि बजेट व्यवस्था गर्न सक्नेछ। यस शीर्षकबाट क्याम्पसले पुँजीगत २० प्रतिशत र चालु तर्फ ८० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ। | |

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१।०२।१९

लेटाङ नगरपालिका,मोरङ